# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धनगढी,कैलाली,७ नं. प्रदेश,नेपाल

आ.ले.प.०७५।०७६
च.नं.

**विषय :- प्राकृतिक श्रोत उपयोग कार्यको ठेक्कामा दिने सम्बन्धि सूचना ।**
**प्रथम पटक प्रकाशित मिति:२०७५।४।६**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११(घ) को उपदफा २ अनुसार यस नगर क्षेत्र भित्र भएर बग्ने, IEE गरेका र घाटगद्दि तोकिएका नदी खोलाहरूबाट ढुंगा, गि□, बालुवा, भरान, ग्राभेल, आदीको कुल संकलन घन मि.१,५८,९६८। मात्र बिक्रीमा प्रति घन मिटर रू.७५। (भ्याट बाहेक) का दरले नदीजन्य पदार्थमा बिक्री कर लगाईने तथा असूल गर्न सक्ने निर्णय बमोजिम आगामी आ.व.०७५।०७६ का लागि यस उप-महानगरपालिका बाट तोकिएको दररेट बमोजिम रोयल्टी संकलन गर्न चाहने ईच्छुक फर्म वा संघ संस्थाको जानकारीको लागि यो ३० दिने सिलबन्दि आहवानको सूचना प्रकाशित गरिएको छ ।

**<u>तपसिलका शर्तहरू</u>**

१। न्यूनतम ठेक्का अंक रू १,२०,०००००।( एक करोड बिस लाख मात्र) कायम गरिएको छ ।

२। ठेक्काको अवधि ठेक्का स्वीकृत भै सम्झौता गरेको मितिले ०७६ साल जेष्ठ मसान्तसम्म कायम रहने छ

३। तोकिएको स्थानको सिमा रेखाभन्दा बाहिर गई ,रोयल्टी संकलन गर्न पाईने छैन,तोकिएको सिमाभन्दा बाहिर गई रोयल्टी संकलन गरिएको जानकारी वा प्रमाण फेला परेमा यस यस कार्यालयले जुनसुकै अवस्थामा पनि ठेक्का सम्झौता रद्द गर्न सक्नेछ ।

4. वोलपत्र मिति २०७५।५।४ गते कार्यालय समयभित्र राजश्व शाखाबाट रू ३०००। फिर्ता नहुने गरी खरीद गर्न सकिने छ साथै विधुतीय मध्यमवाट (E-BID) कसैले ठेक्का पेश गर्न चाहेमा www.bolpatra.gov.np/egp वाट ठेक्का फारम डाउनलोड गर्न सकिनेछ र ठेक्का फारम सम्बन्धि दस्तुर राष्ट्रिय बाणिज्य बैंकको यस कार्यालयको खाता न. 4170304018102 (संचित कोष) खातामा जम्मा गरि बैंक भौचर पेश गर्नु पर्ने छ ।

५। वोलपत्र मिति: २०७५।५।५ गते दिनको १२ वजेभित्र पेश गरिसक्नु पर्नेछ । वोलपत्र मिति २०७५।५।५ गते दिनको २.०० वजे खोलिने हुंदा सो समयमा वोलपत्रदाता वा निजको तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्नेछैन।

६। वोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परे लगतै कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुने छ ।

७। आफुले कवोल गरेको ठेक्का अंकको ५% रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता हि.न.४१७०३०३००७१०२ मा जम्मा गरी सक्कलै भौचर पेश गर्नुपर्ने छ ।

८। वोलपत्र दाताले कवोल गरेको ठेक्का अंक वरावरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अवधिसम्मको लागि जारी गरिएको परफरमेन्स वण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको प□ पुर्जी प्रदान गरिनेछ ।

९। ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरि सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाकी किस्ताको रकम चार चार महिनाको एकमुष्ट अग्रिम रूपमा बुझाउनु पर्ने छ ।

१०।वोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ ।

११।यस कार्यालयबाट प्रमाणित नगरि विक्री भएको,म्याद नाघी आएको वोलपत्र माथी कुनै कारवाही हुने छैन।

१२।वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत